# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## अत्तरिया, कैलाली
### सुदूरपश्चिमप्रदेश, नेपाल

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७

## आन्तरिक आय संकलनतर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०७७/०५/०४गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी यस गोदावरी नगर कार्यपालिकाको निर्णयानुसार देहायको शिर्षकमा राजश्व असुली सम्बन्धी कार्य आ.व. २०७७/०७८ को लागि ठेक्काद्वारा गराउन प्रथम पटकको सूचना अनुसार कुनै बोलपत्र कार्यालयमा दर्ता हुन नआएकोले पूर्व सूचनाकै शर्त बमोजिम हुने गरी दोश्रोपटक यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नहुन सूचीत गरिन्छ । अन्य थप जानकारीकालागि यस कार्यालयको सूचनापाटी, यस कार्यालयको वेभ साईट www.godawarimunkailali.gov.np तथा कार्यालय समय भित्र गोदावरी नगरकार्यपालिका कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्काविवरण**

| आय ठेक्का नं. | उठाउनुपर्ने राजश्व शिर्षक | न्यूनतम ठेकअंक (मु.अ.कर तथा अन्य कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर | धरौटी | सूचनाको अवधी |
|---|---|---|---|---|---|
| १–०७७/७८ | पार्किङ्ग शुल्क (अत्तरीया बस पार्क) | रु.६,६००,०००।- (छैसट्ठि लाख मात्र) | रु. ३,०००।- | कबोल अंकको ५% | १५ दिन |

क. ठेक्का सम्बन्धी शर्तहरु :

१. ठेक्काअवधी २०७७ साल ठेक्का सम्झौता भएको मितिदेखि २०७८ सालको अषाढ मसान्त सम्म हुनेछ ।

२. यो सूचनामा प्रकाशित बोलपत्र सुचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय भित्र गोदावरी नगरपालिकाको कार्यालय, अत्तरीयाबाट खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु १६औं दिन अपरान्ह १२:०० बजे भित्र गोदावरी नगरपालिका कार्यालय, अत्तरीयामा दर्ता गर्नुपर्ने छ । प्राप्त बोलपत्रहरु सोही दिनको २:०० बजे गोदावरी नगरपालिकाको कार्यालय, अत्तरीयामा बोलपत्रदाताको रोहवरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक बिदा परेमा क्रमश: सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

३. अन्य शर्तहरु प्रथम पटक प्रकाशित सूचना बमोजिम तथा बोलपत्र फारामसंग संलग्न भए बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत